संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ४७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन १० गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री योगेश कुमार भट्टराईले मंकीपक्स रोग फैलिरहेको कारण संयुक्त राष्ट्र संघले विश्व स्वास्थ्य संकटकाल घोषणा गरिसकेको र छिमेकी राष्ट्र भारतमा समेत उक्त रोग देखापर्दा पनि नेपाल सरकारले सो रोग नेपाल भित्रिन नदिन कुनै किसिमको पूर्व तयारी नगरेको, काठमाडौं उपत्यकामा समुदायस्तरमा फैलिएको हैजा महामारीको रुपमा देखा पर्नसक्ने भएकोले पानी वितरण हुने सबै स्थानको समयमा जाँच गरिनुपर्ने, कोभिडको नयाँ भेरियन्टले संक्रमितको संख्या बढ्दै गइरहेकोले सो रोकथामका लागि सरकारको तर्फबाट आवश्यक सतर्कता अपनाई यी विषयका सम्बन्धमा सदनलाई जानकारी गराउनु पर्दछ भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री अमृता थापा
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० श्री ईन्दु कुमारी शर्मा
५. मा० श्री कमला रोका
६. मा० श्री कलिला खातुन
७. मा० श्री कुमारी मेचे
८. मा० श्री कृष्णगोपाल श्रेष्ठ
९. मा० श्री कृष्णप्रसाद दाहाल
१०. मा० श्री कृष्णबहादुर राई
११. मा० श्री केदार सिग्देल
१२. मा० श्री खगराज अधिकारी
१३. मा० श्री खेमप्रसाद लोहनी
१४. मा० श्री गगन कुमार थापा
१५. मा० श्री गजेन्द्र बहादुर महत
१६. मा० श्री गणेश कुमार पहाडी
१७. मा० श्री गोमा देवकोटा
१८. मा० श्री गंगा चौधरी (सत्गौवा)
१९. मा० श्री घनश्याम खतिवडा
२०. मा० श्री चाँदतारा कुमारी
२१. मा० श्री झपट बहादुर रावल

तदुपरान्त सम्माननीय सभामुखले कोभिड १९ को संक्रमण दर लगातार बढ्दै गइरहेको मा० सदस्यहरुलाई विदितै छ भन्नुहुँदै संसदका बैठकहरुमा उपस्थित हुँदा आवश्यक सतर्कता अपनाउन र मास्क प्रयोग गर्नहुन आग्रह गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मिति २०७९ साउन ८ गते गणपूरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन नसकेको “मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० गृह मन्त्री श्री बालकृष्ण खांणले राष्ट्रिय सभामा उत्पत्ति भएको “तथ्याङ्क विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त राष्ट्रिय सभामा उत्पत्ति भएको “तथ्याङ्क विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री अञ्जना विसंखे
३. मा० श्री केदार सिग्देल
४. मा० श्री मन कुमारी जि.सी.
५. मा० श्री नारायण प्रसाद खतिवडा
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री विद्या भट्टराई
८. मा० श्री सरिता कुमारी गिरी
९. मा० श्री गंगा चौधरी (सत्गौवा)
१०. मा० श्री मीनबहादुर विश्वकर्मा

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "तथ्याङ्क विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित राष्ट्रिय सभामा उत्पत्ति भएको योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७८ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७८" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री राजेन्द्र प्रसाद गौतम
३. मा० श्री घनश्याम खतिवडा
४. मा० श्री विन्दा पाण्डे
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री लक्ष्मी परियार
७. मा० श्री मन कुमारी जि.सी.
८. मा० श्री राजेन्द्र कुमार के.सी.
९. मा० श्री भीमसेन दास प्रधान
१०. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री गिरिराजमणि पोखरेल

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७८" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७८" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४३ सम्म राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थं प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन १३ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव